# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः भगवतीबहाल, नक्साल, काठमाण्डौ

फोन नं. ०१-४५१३७११,४५१३८४०

## छब्बिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०२)**

श्री शेयरधनी महानुभावहरू,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०१ मा बसेको ३२२ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छब्बिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१/०९/२६ गते शुक्रबार (तदनुसार जनवरी १०, २०२५) ।

समय : बिहान १०:०० बजे ।

स्थान : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौं ।

**२. साधारण सभामा छलफल हुने विषयहरू:**

**(क) सामान्य प्रस्तावहरू:**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव**

(१) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि वढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

**३. साधारण सभा सम्बन्धमा अन्य थप जानकारी:**

१. **शेयर धनी दर्ता किताव बन्द रहने :** छब्बिसौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज यहि मिति २०८१/०९/१२ गते १ (एक) दिन बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/११ गतेसम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन योग्य हुने व्यहोरा सवैको जानकारीको लागि सूचित गरिन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र, हितग्राही नम्वर वा परिचय खुल्ने कुनै आधिकारिक प्रमाणपत्र अनिवार्यरूपमा साथमा लिएर आईदिनु हुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३. छब्बिसौ वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीज्यूहरूको ठेगानामा हुलाक/कुरियरबाट पठाइनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरूले यस संस्थाको वेवसाइट www.nirdhan.com.np मा पनि हेर्न सक्नु हुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौं वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाण्डौं र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४. साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ ।

५. एक जना शेयरधनीले एकभन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफूले पहिला दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा प्रष्ट उल्लेख गरि छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन पाउनेछन् । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ । प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा सहभागी हुन चाहेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. बुँदा नं. ४ र ५ बमोजिमका कार्य गर्नको लागि कुनै सार्वजनिक बिदा पर्न गएमा समेत कम्पनीको सचिवालय खुल्ला रहनेछ ।

७. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट चयन भएको एकजना प्रतिनिधिले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

८. नाबालक शेयरधनीको तर्फबाट संस्थाको शेयर दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भइसकेका महानुभावहरूले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत समेत दिन सक्नेछन् ।

९. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनीज्यूहरूको सुविधाको लागि शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

१०. साधारण सभाको थप जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ । साथै अन्य जानकारीको लागि संस्थाको वेवसाईट www.nirdhan.com.np मा समेत हेर्नुहुन अनुरोध गर्दछौं ।

**४. शेयरधनी महानुभावहरूलाई जानकारी:**

आ.व. २०७८/७९ र सोभन्दा अगाडिको आर्थिक वर्षहरूको लाभांश तथा बोनस शेयर लिन बाँकी भएका शेयरधनीहरूले यस संस्थाको शेयर रजिष्ट्रार एनआइएमबि एस. क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंबाट लिनु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**